**निर्णय नं. १:**

यस नगरपालिका अन्तर्गत नगर स्वास्थ्य केन्द्रमा करारमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक र सेवा सुविधा सम्बन्धमा अध्ययन गरी पेश गर्न सार्वजनिक क्षमता तथा सुशासन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. २:**

नगर प्रमुखसंग उद्यमशिलता विकास कार्यक्रम निर्देशिका २०७७ र सहुलियत पूर्ण कर्जामा उद्यम व्यवसायका लागि व्याज अनुदान सम्बन्धी कार्यविधि २०७७ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

यस कार्यालयबाट अनिवार्य अवकास प्राप्त सहायक चौथो श्री राजशरण न्यौपानेले अस्थायी सेवा अवधि जोडि सुविधा प्राप्त गर्न माग गरेवमोजिम स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ वमोजिम हुने गरी सुविधाको रकम प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

नगर पूर्वाधार विकास समितिबाट सिफारिस भई आएका निम्न निर्णयहरु अुमोदन गर्ने निर्णय गरियो ।

१. सहकारी विकास योजना अन्तर्गतको भवन निर्माणका लागि नेपाल सरकार र नगरपालिका बीच भएको सम्झौता वमोजिम नगरपालिकाबाट करिव रु. ८२,००,०००।- (वयासी लाख) लागत सहभागिता वेर्होनु पर्ने भएकोमा सहकारी संस्थाहरुले पनि लगानी गर्न ईच्छुक भएकोले सहकारी संस्थाबाट रकम जम्मा भएपछि सोधभर्ना हुने गरी हाललाई न. पा. ले नै संघीय सरकारको योजनामा समपुरक कार्यक्रमका लागि विनियोजित शिर्षकको रकमबाट श्रोत व्यवस्थापन गर्ने गरी ठेक्का प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

२. प्रदेश सरकारबाट समपुरक तर्फ स्वीकृत कार्यक्रम अन्तर्गत ठेक्का आव्हान गर्दा न्यून रकम कवोल भई वचत भएको निम्न योजनाको बाँकी रकमबाट पुन सोही योजना विस्तारका लागि ठेक्का आव्हान गरी योजना संचालन गर्ने निर्णय गरियो ।

   क. डुम्रीचोकबाट उत्तर कालिका सिमाना सडक कालोपत्रे रु. ६१,००,०००।-

   ख. बकुलहर देखि जयमंगला र फिल्महलचोकदेखि सुव्वाचोकसम्म सडक फुटपाथ निर्माण रु. ८८,००,०००।-

३. जि.स.स. साझेदारी कार्यक्रम तर्फको बकुलहर रत्ननगर अस्पताल पूर्वाधार निर्माणको न्यून कबोल भई बाँकी रकमबाट योजना संचालनका लागि ठेक्का गर्ने ।

४. बागमती प्रदेशको सशर्त कार्यक्रम अन्तर्गत बीउ प्रशोधन केन्द्रका लागि मेसिनरी खरिदको रकमबाट ठेक्का मार्फत खरिद गर्ने ।

५. तपसिलका योजनाका लागि रकम विनियोजन गर्ने ।

   क. बागेश्वरी मन्दिर निर्माण वडा नं. १४ रु. १,५०,०००।-

   ख. मुसहर टोलमा मोज्याक टायल लगाउने काम वडा नं. ७ रु. १,२६,०००।-

   (लागत सहभागिता- मुसहर समुदाय- ६०%, न.पा.- ४०%)

**निर्णय नं. ५:**

नगर खेलकुद विकास समितिको समयावधि समाप्त भएको र खेलकुदका कार्यक्रम संचालन गर्न असहजता उत्पन्न भएकोले साविककै समितिको म्याद एक वर्ष थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. २ बस्ने कमलचन्द्र खनाल पुनरावेदक र चितवन जिल्ला रत्ननगर नगरपालिका कार्यालय समेत प्रत्यर्थी भई सम्मानित उच्च अदालत पाटन हेटौंडा इजलासमा चलेको पुनरावेदन नं. ०७७-CP-०००८ को लुटपिट मुद्धामा प्रत्यर्थी रहेको यस कार्यालयलाई झिकाउने गरी आदेश भएकोले जारी भएको १५ दिने सूचना म्याद मिति २०७७।०८।१९ मा तामेल भएकाले उक्त मुद्धामा सम्मानित उच्च अदालत पाटन हेटौंडा इजलासमा उपस्थित भई मुद्धाको पूर्पक्षमा रही तारेख लिई काम कार्यवाही गर्नको निम्ति रत्ननगर नगरपालिका कार्यालयका सहायक पाचौं तहका कर्मचारी देव प्रसाद पौडेललाई प्रतिनिधि मुकरर गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७:**

बागमती प्रदेश सरकारबाट यस रत्ननगर नगरपालिका वडा नं. ११ को रिजाल चोकदेखि निजानन्द स्कूलसम्मको सडक निर्माण गर्न रु. २५,००,०००।- विनियोजन भएकोमा उक्त सडक आ. व. २०७६।०७७ मा नै सम्पन्न भई सकेकोले वडा नं. ११ कै तिलक बहादुर घिमिरेको घर अगाडिको चोकदेखि वटर चोकसम्मको खण्ड कालोपत्रे गर्ने गरी योजना संसोधन गर्न वडा समितिबाट माग भई आएको हुँदा उक्त योजना संसोधन गरी तिलक बहादुर घिमिरेको घर अगाडिको चोकदेखि वटर चोकसम्मको खण्डको सडक कालोपत्रे गर्ने व्यवस्थाको लागि बागमती प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:**

वडा नं. १४ को कार्यालयबाट माग भए वमोजिम गुराँसफुल बहुउद्धेश्यीय सहकारी संस्था कृषक उद्यमशिल तालिम योजनालाई गुराँसफुल बहुउद्धेश्यीय सहकारी संस्था कृषक उद्यमशिल कार्यक्रममा संसोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

चितवन छहारी यातायात सेवा प्रा. लि. का सवारी साधनहरु हाल लायन्सचोकसम्म मात्र संचालन भई आएकोमा यात्रुलाई असहज भएकोले नारायणगढबाट पुल्चोक हुँदै पोखरा बसपार्कसम्म संचालनका लागि पहल गर्ने र भरतपुर महानगरपालिकाभित्र दर्ता भई यस नगर क्षेत्रको पूर्व पश्चिम राजमार्गमा चल्ने ई-रिक्सा र म्याजिक जस्ता साना सवारीका साधन संचालन हुँदा दुर्घटनाको जोखिम अधिक भएकोले यस नगरपालिका क्षेत्रमा सेवा प्रवाह नगराउन जिल्ला प्रशासन कार्यालय, भरतपुरमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

धुर्मुस सुन्तली फाउण्डेसनको अगुवाईमा चितवनमा निर्माणाधिन गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणको लागि आकस्मिक विविध पूर्वाधार शिर्षकबाट हाललाई रु. १०,००,०००।- दिने निर्णय गरियो ।

**निर्णय नं. ११:**

यस नगरपालिकालाई पनि बालविवाहमुक्त बनाउनको लागि अभियान संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:**

यस नगरपालिकालाई पनि वेसहारा, अनाथ, सडकमा आश्रित मानवमुक्त बनाउनको लागि अभियान संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:**

दलित सुकुम्वासी, भूमिहिन सुकम्वासी तथा अव्यवस्थित वसोवासीलाई व्यवस्थापन कार्यमा खटिने कर्मचारीहरुलाई कार्यालय समयभन्दा अगाडि पछाडि पनि खटिनु पर्ने भएकोले थप जिम्मेवारीमा खटिएको दिनदेखि नै निम्न वमोजिम खाना, खाजा तथा प्रोत्साहन वापत सुविधा उपलव्ध गराउने निर्णय गरियो ।

**तपसिल:**

१. संयोजक - मासिक रु. १५,०००।- (पन्ध्र हजार) ।

२. अमिन - मासिक रु. ११,०००।- (एघार हजार) ।

३. का.स. - मासिक रु. ३,०००।- (तीन हजार) ।

४. तथ्यांक संकलक- रु. ३५।- प्रति फाराम ।

५. तथ्यांक प्रविष्टी- रु. २०।- प्रति फाराम ।

६. सर्भेक्षक (नापी कार्यालय) नियमानुसार दैनिक भ्र.भ. ।

**निर्णय नं. १४:**

रत्ननगर न.पा. वडा नं. १ र २ को सिमानामा खोला किनारमा रहेको सार्वजनिक ऐलानी जग्गामा स्थानीय कमलचन्द्र खनालले घर बनाई सार्वजनिक जग्गा अतिक्रमण गरेकोले सूचना टाँस, जानकारी लगायतका आवश्यक प्रकृया पुरा गरी सो जग्गामा रहेको पूर्वाधार हटाउने तथा नगरपालिकाले उक्त स्थानमा सार्वजनिक शौचालय र व्यवसायिक पूर्वाधार निर्माण गरी जग्गा संरक्षण र उपयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५:**

नेपाल मेडिया टेक्नोलोजी प्रा.लि.सँग विज्ञापन कर संकलन सम्बन्धी सम्झौता गर्ने सम्बन्धमा बाँकी रकम जम्मा गर्न लगाई सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:**

सघन शहरी विकास आयोजनाको सहयोगमा यस र.न.पा.मा रहेका अति विपन्न वर्गको घर परिवारको खरको छाना विस्थापन गर्न वडावडाबाट तथ्याङ्क/लगत संकलन गर्ने सम्बन्धमा वडासंग विवरण माग गरी छनौट गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १७:**

आन्तरीक पर्यटनको आगमनमा बृद्धि गरी पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा आर्थिक विकास समितिले सम्बद्ध पक्षसंग छलफल र अध्ययन गरी राय सहित पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८:**

नगरपालिका भित्रको सार्वजनिक पर्ति जग्गाको लगत संकलनका लागि नापी कार्यालयबाट सवै वडाको फिल्ड नक्सा झिकाई नापजाँच गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९:**

जिल्ला आयुर्वेद अस्पताल बकुलहरमा प्रयोगशाला संचालनको लागि नगरपालिकाको स्वास्थ्यतर्फ विनियोजन भएको स्वास्थ्य चौकीमा ल्याव सेवा स्थापना शिर्षकबाट व्ययभार हुने गरी रु. ५००,०००।- (पाँच लाख) सम्मको ल्याव मेसिन नगरपालिकाले खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०:**

वडा नं. २ को सडक र मन्दिर छेउका रुख तथा हाँगाविंगा हटाउने निर्णय गरियो ।

**निर्णय नं. २१:**

२०६५ साल पूर्वको सम्पत्तिकर र मालपोत सम्बन्धित वडाबाट मात्रै बुझ्ने व्यवस्था मिलाउने निर्णय गरियो

**निर्णय नं. २२:**

अव्यवस्थित वसोवासीहरुका लागि जग्गा व्यवस्थापन सम्बन्धी कार्यविधि विधायन समितिले तयार पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३:**

सवै वडा कार्यालयहरुमा सुझाव र गुनासो पेटिका राख्न व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४:**

ट्राफिक दुर्घटना न्यूनिकरणका लागि आवश्यक सामाग्री खरिद गर्न पूर्वी चितवनका ४ नगरपालिकाले समानुपातिक दायित्व व्यहोर्ने गरी सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५:**

अनुदान मल वितरणको व्यवस्थापन निम्नानुसार गर्ने निर्णय गरियो ।

क. कार्यक्षेत्र - वडा भित्र ।

ख. मालपोत तिरेको रसिद पेश गर्न लगाउने ।

ग. लिजमा लिएकाको हकमा लिज करार सम्झौता पेश गर्न लगाउने ।

घ. वडा कार्यालयले मल वितरण कार्ड बनाई लागु गर्ने ।

ङ. कृषि जोन (तरकारी, धान, केरा जोन) का आधारमा थप मल माग गर्ने ।

**निर्णय नं. २६:**

कृषि तथा पशुपन्छी शाखाको पकेट विकास कार्यक्रमको बालीवस्तु तथा पकेट क्षेत्र निर्धा कार्यक्रमका लागि १५ दिने सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७:**

नगर क्षेत्रभित्रका शितलहर प्रभावितको तथ्यांक वडा कार्यालयहरुबाट माग गर्ने निर्णय गरियो ।